आज मिति २०८३/०२/२२ गतेका दिन बिहान ०७:३० बजे यस फलेवास नगरपालिकाका नगरप्रमुख श्री गंगाधर तिवारीज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकमा देहाय बमोजिमको उपस्थिति रहेको छ ।

उपस्थितिः

| क्र.सं. | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री गंगाधर तिवारी | |
| २ | उपप्रमुख | श्री शोभा कुमारी क्षेत्री | |
| ३ | वडाध्यक्ष | श्री चोलाकान्त पाध्या | |
| ४ | वडाध्यक्ष | श्री गंगा नारायण श्रेष्ठ | |
| ५ | वडाध्यक्ष | श्री अर्जुनबहादुर कार्की | |
| ६ | वडाध्यक्ष | श्री अच्यूत तिवारी | |
| ७ | वडाध्यक्ष | श्री नारायण प्रसाद लामिछाने | |
| ८ | वडाध्यक्ष | श्री नविन कुमार श्रेष्ठ | |
| ९ | वडाध्यक्ष | श्री केशर पन्त | |
| १० | वडाध्यक्ष | श्री मनबहादुर कुँवर | |
| ११ | वडाध्यक्ष | श्री हितमान गुरुङ | |
| १२ | वडाध्यक्ष | श्री अमरबहादुर क्षेत्री | |
| १३ | वडाध्यक्ष | श्री रुद्रबहादुर पाठक | |
| १४ | कार्यपालिका सदस्य | श्री दुर्गाकुमारी शर्मा | |
| १५ | कार्यपालिका सदस्य | श्री भगवती पौडेल | |
| १६ | कार्यपालिका सदस्य | श्री सावित्रा कुमारी शर्मा | |
| १७ | कार्यपालिका सदस्य | श्री सुनिता शर्मा | |
| १८ | कार्यपालिका सदस्य | श्री कला नेपाली | |
| १९ | कार्यपालिका सदस्य | श्री नेत्र बहादुर वि.क. | |
| २० | कार्यपालिका सदस्य | श्री चन्द्र बहादुर नेपाली | |
| २१ | कार्यपालिका सदस्य | श्री बाबुराम विश्वकर्मा | |
| २२ | का.वा. वडाध्यक्ष फनपा ७ | श्री नन्दलाल बहादुर क्षेत्री | |
| २३ | का.वा. वडाध्यक्ष फनपा ९ | श्री दुर्गाराज सुवेदी | |
| २४ | सचिव | श्री भोला प्रसाद चापागाईं | |

CamScanner

(आ.व. २०८२।८३ को नवौं बैठक)

**फलेवास नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय, पर्वत**

२०८३/०२/२२ गतेको कार्यपालिका बैठकका निर्णयहरु

*निर्णयहरु*

१ अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरुको सम्बन्धमा विस्तृत छलफल गरीयो । उक्त निर्णयहरुको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो ।

२ यस नगरपालिकाको अठारौं नगरसभा मिति २०८३।०३।०९ गते मंगलबारका दिन यसै नगरपालिकाको प्रमुख प्रशासकीय भवनको सभाहलमा प्रारम्भ गर्ने ।

३ आगामी आर्थिक वर्ष २०८३।०८४ का लागि वार्षिक योजना तर्जुमा प्रकृया तपशिल बमोजिमको तालिका बमोजिम पुरा गरी आगामी २०८३।०३।०९ गते मंगलबारका दिन पारित गर्ने ।

तपशिल

| क्र.सं. | कार्यक्रम | मिति | स्थान |
|---|---|---|---|
| १. | टोल तथा बस्ती स्तरीय योजना तर्जुमा | २०८३।०२।२६ भित्र | वडाको टोलविकास संस्था |
| २. | वडास्तरीय योजना छनोट र प्राथमिकिकरण | २०८३।०२।२७ गते | नगरका ११ वटै वडा |
| ३. | विषयगत समितिका बैठकहरु | २०८३।०३।०३,०४ र ५ गते | नगर कार्यपालिकाको कार्यालयमा |
| ४. | बजेट तथा योजना तर्जुमा समिति बैठक | २०८३।०३।०५ गते | नगर कार्यपालिकाको कार्यालयमा |
| ५. | कार्यपालिका बैठक | २०८३।०३।०६ गते | नगर कार्यपालिकाको कार्यालयमा |
| ६. | नगरसभा | २०८३।०३।०९गते बिहान ८:०० बजे | नगर कार्यपालिकाको कार्यालयमा |

४ यस नगरपालिकाको पूर्ण खोप समन्वय समितिको मिति २०८३।०२।०१ को बैठकको निर्णय तथा जिल्ला पूर्ण खोप समन्वय समितिको मिति २०८३।०२।०६ को बैठकको निर्णय अनुसार नगरले पूर्ण खोपका सम्पूर्ण सूचकहरु पुरा गरेको हुँदा फलेवास नगरपालिकालाइ पूर्ण खोप सुनिश्चितता तथा दीगोपना भएको नगरपालिका घोषणा गर्ने । साथै यस अभियानमा संलग्न यस नगरपालिकाका सम्पूर्ण स्वास्थ्यकर्मीहरु र महिला सामुदायिक स्वास्थ्य स्वंसेविकाज्यूहरुलाई धन्यवाद ज्ञापन गर्ने ।

५ विधायन समितिमा व्यापक छलफल भई पेश हुन आएको फलेवास नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका २०८१ संसोधन सहित पारित गर्ने ।

६ नगरपालिका क्षेत्रमा नगरबासी सेवाग्राहिहरुलाई नगरपालिकाको कार्यालयसम्म आउजाउ गर्न कठीनाई भएको र नगरबासीहरुबाट बारम्बार नगरभित्र यातायात सेवा सञ्चालन गर्न माग भएको सन्दर्भमा छलफल हुँदा यस नगरपालिकाको भौगोलिक विकटताका कारणले नगरपालिका कार्यालयसम्म आउने जाने यातायातका साधन नपाइने भएको हुँदा आवतजावतमा कठीनाई भएको कारणले नगरबासीको सुविधाका लागि आवश्यक कार्यविधि तयार गरी नीजि क्षेत्रसंगको समन्वय र सहकार्यमा नगर यातायात सेवा सूचारु गर्न आगामी नगरसभामा आवश्यक बजेटको व्यवस्थापन गर्ने ।

CamScanner

७ यस नगरपालिकाको कार्यालयद्वारा सञ्चालन तथा कार्यान्वयन गरिएका निर्माणकार्य सम्पन्न भएका योजनाहरुको २०८३।०२।२२ गतेदेखि मर्मतसम्भार, संरक्षण र उपयोग गर्ने जिम्मेवारी सहित सम्बन्धित उपभोक्ता समितिहरुलाई योजना हस्तान्तरण गर्ने ।

८ फलेवास नगरपालिकाद्वारा यसपूर्व साविकमा नगरपालिकाको प्रयोगमा रहेको भवन हाल खाली अवस्थामा रहेकोल पुर्वतर्फ रहेको ट्रस्ट भवनलाई कर्मचारी आवास (आवासिय भवन) का रुपमा उपयोग गर्ने ।

९ यस फलेवास नगरपालिका अन्तर्गत तपशिलको विवरण भएका व्यक्तिहरुलाई सम्बन्धित वडा कार्यालयको सिफारिस, सम्बन्धित व्यक्तिको माग निवेदन तथा आवश्यक कागजात समेतका आधारमा नीजहरुलाई 'असहाय, अशक्त, बिपन्न, बिरामीहरुलाई आर्थिक सहायता' शीर्षकबाट रु ५०-५० हजार रुपैयाँका दरले आर्थिक सहयोग प्रदान गर्ने ।

- सज्जन परियारको श्रीमती फुलमाया परियार फनपा- ५ (सज्जन परियारको दुर्घटनामा मृत्यू)
- पार्वती क्षेत्री फनपा-५ (क्यान्सर रोगी)